नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

आपूर्ति व्यवस्था महाशाखा

स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

☎ ४२६१७६८
४२६११३६
फ्याक्स- ४२६१४१३


पत्र संख्याः- ०७२/७३

चलानी नम्बरः- २३०८


पचली, टेकु
काठमाडौं, नेपाल ।


मितिः २०७३।३।२४

**विषयः-Web based LMIS सञ्चालन गर्ने सम्बन्धमा ।**

श्री जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय
७५ जिल्ला

श्री क्षेत्रीय मेडिकल स्टोर,
विराटनगर, हेटौंडा, बुटवल, नेपालगंज, धनगढी, क्षे.स्वा.नि. पोखरा ।

स्वास्थ्य सेवा विभागको मिति २०७२।०३।२१ को निर्णयानुसार क्षेत्रीय मेडिकल स्टोरहरु र जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुमा दुई किसिमको जिन्सी व्यवस्थापन प्रणाली सञ्चालनबाट पर्न गएको Workload लाई कम गर्ने उद्देश्यले खर्च भएर जाने मालसामानहरुको Computerized Inventory Management System मा र खर्च भएर नजाने मालसामानहरुको जिन्सी खातामा रेकर्ड राख्ने व्यवस्था गत आ.व. २०७२/७३ देखि पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन यस महाशाखाको मिति २०७२।०३।२९ गतेको परिपत्रबाट जानकारी गराइएको विदितै छ ।

यसै सन्दर्भमा पहिले सञ्चालनमा आइरहेको Inventory Management System लाई अझ परिमार्जन गरी सूचनाको तत्काल उपलब्धता (Real Time data) का साथै Batch तथा Expiry Date Wise अभिलेख राख्ने तथा प्रतिवेदन गर्ने प्रणाली Online Inventory Management System का लागि UNICEF Nepal को प्राविधिक सहयोगमा जिन्सी व्यवस्थापन प्रणालीको विकास गरी सो सम्बन्धि तालिम स्टोरकिपर तथा Computer Assistant/Operator हरुलाई प्रदान समेत गरिसकिएको हुँदा तालिम प्राप्त जनशक्तिबाट जिन्सी व्यवस्थापन प्रणाली सञ्चालन गर्नु गरउनु हुन यो परिपत्र गरिएको छ । यसबाट तथ्यांकमा आधारित वितरण प्रणालीको स्थापनाका साथै केन्द्रिय तथा जिल्लास्तरीय खरिद प्रक्रियालाई पनि सहज बनाउने विश्वास लिएको छु । साथै आ.व. २०७३/७४ मा पनि क्षेत्रिय मेडिकल स्टोर तथा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुमा Web based LMIS संचालन गर्ने कार्यक्रममा समावेश भएकोले उक्त कार्यक्रमलाई निरन्तरता दिनहुन समेत अनुरोध छ ।

..............................
डा. भीम सिंह तिंकरी
निर्देशक

बोधार्थः
श्री स्वास्थ्य सेवा विभाग,
टेकु, काठमाडौं

श्री क्षेत्रीय स्वास्थ्य निर्देशनालय
धनकुटा, हेटौंडा, पोखरा, सुर्खेत, दिपायल